दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १२८ | बुटवल | २०८२ बैशाख २२, गते सोमबार | नेपाल संवत ११४५ | Monday May. 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## जेठ २ गतेदेखि माओवादीको मध्यपहाडी लोकमार्ग अभियान हुने



बुटवल । नेकपा (माओवादी केन्द्र) ले आउँदो जेठ २ गतेदेखि मध्यपहाडी लोकमार्ग अभियान सुरु गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निवास खुमलटारमा हिजो बसेको पदाधिकारी बैठकले हुलाकी मार्ग केन्द्रित तराई-मधेश जागरण अभियानको समीक्षा गर्दै मध्य पहाडी लोकमार्ग अभियान सुरु गर्ने निर्णय गरेको प्रचण्डको सचिवालयले जनाएको छ ।

तराई-मधेश जागरण अभियानले राष्ट्रिय एकता सुदृढ गर्न सफल भएको बैठकको निष्कर्ष छ । अभियानले राष्ट्रिय एकता सुदृढ गर्न सफल भएकोले माओवादी केन्द्रको मात्र नभई सम्पूर्ण राष्ट्रकै अभियान बन्न पुगेको पनि माओवादीले जनाएको छ ।

बैठकमा माओवादीप्रति देखिएको जनविश्वास, अभियानको तयारी, कार्ययोजना र सङ्गठनात्मक पक्षबारे विस्तृत छलफल भएको थियो ।

## 'जन्ममितिकै आधारमा बुद्धजयन्ती मनाउनुपर्छ'



बुटवल । राष्ट्रिय सभाका सदस्य डा. अन्जान शाक्यले बुद्धजयन्तीलाई बुद्धको जन्ममितिकै आधारमा 'बुद्धजयन्ती' का रुपमा मनाउनु पर्ने बताएकी छन् । संसदमा बोल्दै उनले यस्तो बताएकी हुन् ।

'कसैले बुद्धको जन्म मिति ई.पू. ६२३ लाई लिएर आउने बैशाख २९ गतेका दिन २६ सय ४९औं बुद्ध जयन्तीका रुपमा मनाउने गर्दछन्', उनले भनिन्-'कसैले चाहिँ गौतमबुद्ध महापरिनिर्वाण भएको दिनको मितिलाई लिएर अर्थात् दिवंगत भएको दिनलाई लिएर अहिले आउने बैशाख २९ गतेका दिन २५ सय ६९औं बुद्ध जयन्तीका रुपमा मनाउँदै छन् । २५ सय ६९ भनेको बुद्ध सम्वत् हो । बुद्ध महापरिनिर्वाण भएको मितिलाई आधार मानेर उक्त दिनदेखि बुद्ध सम्बत् प्रारम्भ भएको हो । अब आउने बैशाख पूर्णिमाका दिन अर्थात् बैशाख २९ गते बुद्ध सम्वत्को नयाँ वर्ष २५ सय ६९ प्रारम्भ हुन्छ ।' उनले यी दुई तथ्य प्रस्तुत गर्दै बुद्ध सम्बत् भनेको गौतमबुद्धको जन्म मिति नभएको दाबी गरिन् ।

# लेखा समितिले गौतमबुद्ध विमानस्थलको अध्ययन गर्ने



**लुम्बिनी संवाददाता**

*बुटवल*

संसद्को लेखा समितिमा पोखरा विमानस्थलको उप-समितिले बनाएको प्रतिवेदनको विषयमा छलफल भएको छ भने समितिले अब अर्को बैठकबाट भैरहवा विमानस्थलको पनि अध्ययनको लागि उप-समिति बनाउने भएको हो । सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले अब अर्को बैठकले भैरहवा विमानस्थलको अध्ययनका लागि उप-समिति बनाउने बनाउने बताए ।

सभापति पोखरेलले भने-'पोखरा विमानस्थलको विषयमा हामी न्यायिक निकाय हो ? हामीले गर्ने निर्णय नै अन्तिम निर्णय हो । हामीले सरकारलाई झकझकाउने हो । हामीले आफूलाई गाली नगरौँ । हामी यसरी बोल्नु आवश्यक थिएन । पोखरा विमानस्थलको बारेमा अर्को बैठकमा छलफल गरौँ । २३औं प्रतिवेदनको प्रगति के ? भैरहवा विमानस्थलको छलफलको लागि उपसमिति बनाऊ । त्यो समितिले ७ दिन भित्र प्रतिवेदन बुझाउने गरी काम गरौँ । पोखरा विमानस्थलको प्रतिवेदन उप-समितिले समितिलाई दियो । बाँकी अध्ययन गरौँ । भैरहवा विमानस्थलको विषयमा पनि छलफल गरौँ । समितिको बैठक बसेर भैरहवाको विषयमा समिति बसेर उपसमिति बनाऊ ।'

सांसद् मनिस झाले जुन पार्टी भैरहवा विमानस्थलको विषयमा जोडिएका छन्, त्यही पार्टीको व्यक्तिलाई उप-समितिको संयोजक बनाउन नहुने बताए । उनले भने-'म आफैँलाई उप-समितिको संयोजक बनाऊ भनेको होइन । म समितिमा बस्दिन । तर, जुन पार्टी जोडिएको छ, त्यही पार्टीको संसदलाई उप-समितिमा नराखौँ ।'

सांसद् योगेशकुमार भट्टराईले कुनै न कुनै बेला सबै पार्टी सरकारमा गएकोले अब पार्टीको सांसद् नबस्ने भन्यो भने अमरेशकुमार सिंह मात्रै योग्य हुने बताए । उनले भने-'यो समितिमा भएका धेरै सांसदहरु सरकारमा सहभागी भएका छन् । राप्रपा, माओवादी र रास्वपा पनि सरकारमा थियो । अब यो उपसमितिमा सरकारमा सहभागी नभएको अमरेशकुमार सिंह मात्रै योग्य हुने देखियो । त्यसरी सरकारमा भएको वा नभएको भन्ने विषय आफैले बुझ्नु आवश्यक रहेको छ ।'

समितिका सदस्य श्यमकुमार घिमिरेले पोखरा विमानस्थलको अध्ययनले कसैलाई भ्रष्टाचारी हो भनेर तोक्न नमिल्ने बताए । उनले भने-'पोखरा विमानस्थलको विषयमा उप-समितिले अध्ययन गरेर समितिलाई प्रतिवेदन दिएको छ ।

समितिले उपसमिति नै बनाएर पोखरा विमानस्थलको अध्ययन गरेको छ । अब त्यो प्रतिवेदन पनि समितिमा आएको छ । पोखरा विमानस्थलको विषयमा कुरा उठेको छ । त्यसको विषयमा अध्ययन गर्न सरकारलाई पत्र लेखौँ ।'

एमाले सांसद गोकुल बास्कोटाले लेखा समितिको बैठक बैठक जस्तो नभएको जनाए । उनले भने-'पोखरा विमानस्थलको विषयमा उठका कुराहरु सबै ठिक वा बेठिक भन्ने छैन । विमानस्थलको विषयमा कुरा उठेको छ । अब त्यसको सोधपुछ सुरु गरौँ । कसैलाई जोगाउने भन्ने हुँदैन । कुनै समितिमा कुनै व्यक्ति हुने वा कुनै व्यक्ति नहुने भन्ने हुन्छ ? कसले छानविन गर्न हुँदैन भनेको छ । यो विषयमा जति छलफल गरे पनि निश्कर्षमा पुग्न सकिँदैन । हामीसँग छानविन गर्न सक्ने क्षमता छैन । कानुनभन्दा माथि कोही पनि छैन । कानुनले ठीक छ भनेको मान्छेलाई समितिले ठीक छैन भन्न मिल्दैन ।'

**भट्टराई समितिमा नबस्ने**

भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन-अनुगमन उप-समिति एमाले सचिव एवं सांसद योगेश भट्टराईको नेतृत्वमा गत फागुनमा गठन भएको थियो । पूर्वपर्यटनमन्त्री समेत रहेका उप-समितिका संयोजक भट्टराईले विगतमा आफू पर्यटन मन्त्रालयको जिम्मेवारीमा रहेकाले अध्ययनमा निष्पक्षता नआउने भन्दै समितिमा बस्न अस्वीकार गरेपछि सार्वजनिक लेखा समितिको आगामी बैठकले उप-समितिकै सदस्यबाट अर्को संयोजक तोक्ने समितिका सभापति श्रषिकेश पोखरेलले बताए । उक्त उप-समितिमा सांसद अमरेशकुमार सिंह, मनिष झा, अच्युतप्रसाद मैनाली, विक्रम पाण्डे, श्यामकुमार घिमिरे, मञ्जु खाँण र सराज अहमद फारुकी सदस्य छन् ।

## स्वामी कैलाशानन्द गिरीद्वारा कामाख्या मन्दिर दर्शन



बुटवल । सनातनी धर्म संस्कारका ज्ञाता एवं भारतको निरञ्जन पीठाधिसका पिठाधिश्वर स्वामि कैलाशानन्द गिरीले पाल्पाको बसन्तपुरस्थित कामाख्यादेवी मन्दिरको दर्शन र पूजा आराधना गरेका छन् ।

नेपालको विभिन्न धार्मिक क्षेत्रको भ्रमण गर्नेक्रममा स्वामी गिरी आइतबार दिउँसो लुम्बिनी केबलकारको यात्रा गरी बसन्तपुर पुगेर कामाख्या देवीको मन्दिर दर्शन गरेका हुन् ।

उनले बसन्तपुर निकै स्वच्छ, शान्त, रमणीय र पवित्र धार्मिकस्थल रहेको उल्लेख गरे । मन्दिरमा पूजा आराधनापछि भक्तजनहरुसँग कुरा गर्दै स्वामी गिरीले कामाख्या मन्दिर प्रख्यात शक्तिपीठ भएको र यसको दर्शन गर्नाले मानव जीवनमा आइपर्ने संकटहरु मोचन हुने र मनोकामना पूरा हुने बताए । उनले नेपालका धेरै धार्मिकस्थलहरु अत्यन्तै पवित्र भएकोले ती स्थलहरुको भ्रमण गर्न करोडौं भारतीयहरु पनि आउने विश्वास व्यक्त गरे ।

सो अवसरमा स्वामी गिरीले कामाख्या मन्दिरका मूल पूरोहित सुरेश पौडेललाई कामाख्या देवीको बिजमन्त्र प्रदान गरेका थिए ।

स्वामी गिरीसँगै पूर्व मन्त्री बालकृष्ण खाँण, प्रतिनिधिसभा सदस्य मञ्जु खाँण, पूर्व सांसद प्रमोद यादव, बुटवल उप-महानगरका प्रमुख खेलराज पाण्डेय, चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंकप्रसाद पोखरेल, व्यवसायीहरु चुन्नप्रसाद पौडेल, बुटवल ४ का वडाध्यक्ष नरिश्वर पौडेललगायत भक्तजनहरुको बाक्लो उपस्थिति रहेको थियो । उनीहरुलाई लुम्बिनी केबलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजू, व्यवस्थापक प्रज्ज्वल घिमिरेलगायतले स्वागत गरेका थिए ।

स्वामी कैलाशानन्द बैशाख १५ गते दिल्लीबाट नेपाल एअरलायन्सको जहाजमार्फत् काठमाडौं आएका थिए । स्वामी २२ गते भैरहवाबाट काठमाडौं फर्किने र सोही दिन गोसाइकुन्ड जाने कार्यक्रम तय भएको छ । त्यसपछि उनी सोही दिन चन्द्रागिरी रिसोर्टमा बस्ने र भेटघाट गर्ने, त्यसपछि २३ गते दक्षिणकालि मन्दिरमा पूजा पाठ गर्ने कार्यक्रम तय भएको छ । २३ गतेदेखि २६ गते सम्म काठमाडौंमा रहेर २६ गते दिल्ली प्रस्थान गर्ने कार्यक्रम तालिका रहेको छ ।

भारतको निरञ्जना अखडाका प्रमुख समेत रहको कैलाशानन्द भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका समेत सल्लाहकार मानिन्छन् । धार्मिक विषयमा र सनातनी धर्म संस्कारको विषयमा खास निर्णय लिनुपर्दा मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीले स्वामी कैलाशानन्दको सल्लाह लिने भारतीय मिडियाहरुले समेत लेख्दै आएका छन् ।

भारतमा गत माघ महिनामा लागेको प्रयागराज महोत्सवका परिकल्पनाकार समेत कैलाशानन्द स्वामी मानिंदै आएका छन् । कैलाशानन्दको भ्रमणले नेपालको धार्मिक पर्यटनमा टेवा पुग्ने विश्वास लिइएको छ ।



## सम्पादकीय

# पालिकाको एउटा महत्वपूर्ण कदम

काभ्रेको मण्डनदेउपुर नगरपालिकाले स्थानीय जनप्रतिनिधिदेखि कर्मचारीसम्मका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउन निर्देशन दिएको छ । पालिकाले दिएको निर्देशन कार्यान्वयन भयो भने सामुदायिक विद्यालय सुधारको एउटा प्रस्थानविन्दु हो। यो निर्णय कार्यान्वयनले दुरगामी प्रभाव पर्नेछ ।

नगरले जनप्रतिनिधि, शिक्षक, नगरका कर्मचारी तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीलाई यही वैशाख मसान्तसम्ममा अनिवार्य रूपमा सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गरेको प्रमाणसमेत बुझाउन निर्देशन दिएकाले सामुदायिक विद्यालयमा भर्नाका लागि दबाब परेको छ। नेपालको सामुदायिक विद्यालय अहिले दोबाटोमा छन्, एकातिर सामुदायिक विद्यालयको गुणस्तर सुधारको पहल भइरहेको छ, राज्यको लगानी बढिरहेको छ, अर्कोतिर सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा रहेका पदाधिकारी र पढाउने शिक्षकका छोराछोरी निजी विद्यालयमा पठनपाठन गर्ने प्रवृत्तिले सामुदायिक विद्यालय सुधारका लागि भएका प्रयासको अपनत्व हुन सकेको छैन । उनीहरुले अपनत्व ग्रहण नगर्दा सामुदायिक विद्यालयको शिक्षा सुधारका लागि भएका प्रयासको फितलो नतिजा देखिएको छ। सामुदायिक विद्यालयमा पठनपाठन गर्ने, तर छोराछोरीलाई अन्यत्र पठनपाठन गराउने शिक्षक गैरजिम्मेवार हुन् । उनीहरुका छोराछोरीलाई अनिवार्य सामुदायिक विद्यालयमा भर्ना गर्न बाध्यकारी बनाउनुपर्छ। यो निर्णय एउटा पालिकाले होइन्, देशभर अभियान चल्नुपर्छ। देशभरका सामुदायिक विद्यालयका शिक्षकका छोराछोरी कसले कहाँ पढ्छन् भन्ने जानकारी शिक्षा मन्त्रालयसँग हुनुपर्छ। पालिकाभित्रको पालिकाको शिक्षा इकाईसँग हुनुपर्छ । प्रदेशभित्रको प्रदेशको शिक्षा हेर्ने मन्त्रालयसँग हुनुपर्छ । जसले सामुदायिकमा शिक्षण गरेर छोराछोरी निजीमा पठनपाठन गराउँछन्, उनीहरुको शिक्षण र सिकाइ प्रक्रिया कत्तिको जवाफदेही र जिम्मेवार भएको छ ? अहिले विद्यालयको पूर्वाधार राम्रो छ, प्रयोगशाला, पुस्तकालय, कक्षा कोठा राम्रा छन्, तर शैक्षिक गुणस्तर बढ्न सकेको छैन । गुणस्तर बढ्न नसक्नुका केही कारण छन्, तीमध्ये एउटा शिक्षकले पढाएनन्, विद्यार्थीको सिकाइ सहजीकरणमा इमान्दार भएनन् भन्ने हो ।

सामुदायिक विद्यालयको नतिजा हरेक वर्ष खस्कदै गएकाले मण्डन देउपुर झैं अरु पालिकाले पनि निर्णय कार्यान्वयन गर्ने हो नेपालको सामुदायिक विद्यालयको नतिजा सुधारमा धेरै समय लाग्दैन । राम्रा सामुदायिक विद्यालयको असल अभ्यास हेरेर पनि कमजोर सामुदायिक विद्यालयको सिकाइ प्रक्रियालाई सुधार गर्न सकिन्छ । बुटवलमा सम्पूर्ण बुटवल एक विद्यालय मोडल लागू गरी सबै विद्यालयलाई एउटै ढाँचामा चलाउने अभियानको सुरु गरियो, तर बिचैमा अभियान हरायो । यो मोडल लागू भएको भए बुटवलको विद्यालय शिक्षा मुलुककै लागि एउटा मोडल हुन सक्थ्यो ।

नेपालकै सबैभन्दा धेरै विद्यार्थी भएका र राम्रो मानिएका कालिका मानवज्ञान, कान्ति मावि र नविन औद्योगिक मावि यहाँ रहेका र यी विद्यालयको असल अभ्यास अरु विद्यालयका लागि पनि महत्वपूर्ण हुन्छन् । बुटवलले यो मोडल अघि बढाएर अरुका लागि सिकाउन सक्छ ।

# जीवन–अनुभव र कलादृष्टि



खगेन्द्र संग्रौला

कुइनेटामय जीवनमा मलाई घुमाइफिराई मार्क्सवाद निकट पुऱ्याउने तत्त्व अनेक थिए । तथापि मूलतः मेरो आफ्नै जीवन-अनुभव थियो । मेरो मानसमा सेरोफेरोको विषम परिस्थितिको प्रभाव र दबाब थियो। वक्र जीवनपथका अनेक संयोग र वियोग थिए । जीवनका गुत्थीहरूको गूढ रहस्य बुझ्न खोज्ने दुर्दम जिज्ञासा थियो । र, जीवनको धुमिल गोरेटोमा उज्यालो खोज्ने मेरो तीव्र उत्कण्ठा थियो ।

नित्य घर्षणमय यात्रामा जीवनको अर्थ र प्रयोजन बुझ्दै र गम्दै जाँदा मार्क्सवाद बन्यो मेरो जीवनदृष्टि र मेरो कलादृष्टि पनि ।

म सानो छँदा गाउँमा दुइटा आक्रामक चिजको भयकारी उपस्थिति थियो। ती थिए– जन्तरे बाबैको घोडा र उनै बाबैको भोटे कुकुर । ती दुई भयावह प्राणी मेरा लागि अपमान, आतङ्क र असमानताका साक्षात् विम्ब थिए। तिनका नजिक पुग्दा मेरो अस्तित्व डरले काम्थ्यो । अस्तित्व रक्षा हेतु ममा ईख र प्रतिरोधको भावनाले जन्म लियो। पछिल्तिर फर्केर गम खाँदा लाग्छ, घोडा र कुकुरको यो विम्बमा मेरा गाउँको सामाजिक संरचना र त्यसबाट निर्मित सामाजिक सम्बन्धको सार प्रतिविम्बित भएको रहेछ । जन्तरे बाबैका घोडा र कुकुर सम्पन्नताका प्रतीक थिए र साथसाथै ती थिए, तामस र उत्पीडनका प्रतीक पनि।

एकताका मेरा बाको पनि लघु आकारको घोडा थियो। त्यो घोडा हाम्रो आर्थिक औकातको यथार्थपरक प्रतीक होइन, बाको लघुताबोधलाई ढाकछोप गर्ने तामसी आवरण थियो। हाम्रो ठुलो परिवारमा अनिकाल लाग्दा घोडा बेचेर खाइयो र जेनतेन प्राण धानियो । घोडाको अवसानसँगै बाको पञ्चायन पूजामा सुस्ती र उदासीनता देखापऱ्यो र पूजाआजाको त्यो उपक्रम बाको ईश्वरप्रतिको आस्थाको अभिव्यक्ति होइन, आदतको अभिव्यक्ति मात्र भयो। गरिबी र अभावको चपेटामा परेर बाको ईश्वरको पनि अवसान भयो। यसरी पुख्यौंली उत्तराधिकारमा मलाई न घोडा हात लाग्यो, न ईश्वर । त्यसैले सहाराहीन जीवनमा मार्क्सवाद बन्यो मेरो जिउने र जगत्सित क्रिया-प्रतिक्रिया गर्ने सशक्त सहारा ।

प्रचलित संस्कृतिमा ठुलाबडासँग सानाले संवाद, विवाद वा प्रतिवाद नगर्नु सोमत र मर्यादाको अकाट्य मानक थियो । मेरो जीवनको सन्नाटा निसासलाग्दो थियो। त्यो सन्नाटाबिच घोडाको घण्टी र बाको पञ्चायन पूजाको घण्टको आवाज मेरा लागि प्रिय थिए। त्यसो त बाको कोमल गीताका श्लोकहरूको लयबद्ध वाचन पनि मेरा लागि कम्ता प्रिय थिएन। संगीत र कलाप्रतिको मेरो अनुरागको प्रारम्भिक प्रेरणाश्रोतः मेरो जीवनको टिठलाग्दो सन्नाटा भङ्ग गरिदिने विविध प्रकारका तिनै लयात्मक ध्वनिहरू पो हुँदा हुन् कि ?

तेह्रथुम जिल्लाको आठराई, चुहानडाँडामा म पहिले विद्यालय र पछि कलेजको छात्र भएँ। तिनताक त्यस भेगमा दार्जिलिङे आयामेली आन्दोलनको प्रभाव फेसनका रूपमा फैलिएको थियो । आयामेली कलादृष्टि मेरो बोध क्षमता बाहिरको कुरा थियो । त्यसैले आयामेली क्लिष्ट शैलीले ममा खासै आकर्षण जगाएन । तथापि आयाम-प्रेरित साहित्यिक कार्यकलापले भने साहित्यको अध्ययन र लेखनप्रति ममा गहिरो अभिरुचि जगाइदिए।

कुरा विक्रमाब्दको बीसको दशकको हो । ज्ञानको प्रकाश र जीवनको अग्रपथको खोजीमा राजधानी काठमाडौं आएँ म । काठामाडौंमा मेरा आँखामा धावा बोल्ने पहिलो दृश्य हिप्पी थियो। पछि थाहा पाएँ– हिप्पीहरू रहेछन्, भौतिक सम्पन्नता र आत्मिक रिक्तताबिचको अन्तर्विरोधबाट जन्मेका पुँजीवादका असन्तुष्ट सन्ततिहरू। जीवन जिउनुको सार्थक प्रयोजनबाट च्युत भई दिग्भ्रमित भएका रहेछन् ती। ती दिग्भ्रमको नशामा लठ्ठ भई अराजक जीवनशैली अँगालेर शान्तिको खोजीमा नेपाल आएका रहेछन् ।

हिप्पीलाई झल्ला वेशभूषा धारण गर्न, खुला डबलीमा गाँजा उडाउन र परम्परागत नैतिक मूल्यलाई उपहास गर्दै उन्मुक्त मैथुनका भावभङ्गिमा प्रदर्शन गर्न छुट थियो। निरङ्कुश व्यवस्थासँग भिन्न मत राख्न आँट गर्ने प्रजालाई बाहु बलले दमन गर्न व्यवस्थाका प्रिय पुत्र मण्डलेहरू स्वतन्त्र थिए । स्वतन्त्र चिन्तन र अभिव्यक्ति स्वतन्त्रता भने पूर्णरूपमा बन्धित थियो। सामाजिक परिवर्तन र प्रगतिका सपनामाथि वंशतन्त्रको कठोर निषेधाज्ञा थोपरिएको थियो। जगत्लाई देखाउनकै लागि केही शैक्षिक र प्राज्ञिक प्रतिष्ठानहरू थिए । तर विवेक, प्रज्ञा र सिर्जनशीलता मण्डलेतन्त्रको सिकार भएका बेला थियो त्यो। त्यो निरङ्कुश कालखण्डको आदर्श नायक थियो दमनतन्त्रकोको औजाररूपी उद्दण्ड मण्डले। असनको साँढेतुल्य मण्डले द्रुततर गतिमा परिपक्व भइरहेको बेला थियो, त्यो ।

राष्ट्रिय परिवेश अतिशय जड र निसासलाग्दो थियो । निसासमय त्यो सन्नाटामा देशदेशावरका विद्रोह, विप्लव र क्रान्तिका घटना युवाहरूका प्रेरणाका उमङ्गमय कारक त हुने नै भए। उत्तरी चीनमा जनव्यापी क्रान्तिको द्वार खुलेको थियो । क्रान्तिको आखेटमा परी राजा र बास्सा, जर्नेल र सुन्दरी एवं मन्त्री र ठालुहरू इतिहासको रङ्गमञ्चबाट भाग्दै थिए। दक्षिणको सानो देश भियतनामको आँगनमा अमेरिकी मिचाहाको ताण्डव चलिरहेथ्यो । जागेका भियतनामी जनता त्यो ताण्डवविरुद्ध ज्यान हत्केलामा राखेर जुध्दै थिए।। निकट भारतको नक्सलबाडीमा किसान विद्रोहको आगो दन्केको थियो । त्यो जाज्ज्वल्यमान् आगोको निशाना थियो निर्मम जिम्दारी शोषण।

नेपालका सुस्ता र महेशपुरमाथि दिल्लीवासी दादाका गिद्धदृष्टि परेका थिए र नेपालको उत्तरी चेकपोस्टमा तैथान भारतीय सेनाका टुकडीहरू। छिमेकी बडे दादाको हेपाइ र मिचाइविरुद्ध वाम युवा पाखुरा सुर्किंदै सडकमा ओर्लिएका थिए । नेपाली इतिहासको त्यो कालखण्ड साहित्यका विद्यार्थीका लागि रोचक र रोमाञ्चक त थियो नै, निकै उर्बर पनि थियो। नेपाली साहित्यमा चिन्तन र सिर्जनाका अनेक वाद र प्रवृत्ति चल्तीमा थिए। ती अनेक नामले चिनिन्थे । यथा प्रगतिवाद, आयामेली आन्दोलन, राल्फा आन्दोलन, अस्वीकृत आन्दोलन, बुट पालिस प्रकरण आदि । नेपाली साहित्य प्रयोग र घर्षणको मैदान बनेको बडो रोचक समय थियो त्यो।

गाउँदेखि धेरै टाढा राजधानी काठमाडौँ आउँदा पनि जन्तरे बाबैको घोडा र भोटे कुकुरका आक्रामक विम्बले मलाई लखेट्न छाडेनन् । निरङ्कुश वंशतन्त्रको गर्भबाट जन्मेको मण्डले भिन्न काल, भिन्न स्थान, भिन्न सन्दर्भ र भिन्न परिस्थितिमा उनै घोडा र कुकुरको अर्को संस्करण थियो। उता गाउँमा ती विम्बले मेरो बक् बन्द गरिदिएका थिए। यता सहरमा मण्डलेले मेरो अभिव्यक्ति स्वतन्त्रता हरण गऱ्यो। सत्ताको अतिचारविरुद्ध गरिने नितान्त परोक्ष र मलुवा टिप्पणी पनि मण्डले सेन्सरको कालो मोसोको सिकार भइछाड्थ्यो । जीवनयात्राको यही मोडमा मार्क्सवादसँग मेरो जम्काभेट भयो । मार्क्सवादमा मैले आलोचनात्मक र क्रान्तिकारी सामर्थ्यको छनक पाएँ। मार्क्सवादमा मैले जीवन र समाजप्रतिको असन्तोष र विरोध व्यक्त गर्ने भाषा भेटेँ। मार्क्सवाद इतिहासको वक्रपथको वस्तुनिष्ठ व्याख्या गर्ने यत्न गर्दो रहेछ । र, भन्दोरहेछ– 'दार्शनिकहरूले आजसम्म जगत्को केवल व्याख्या गरे, गाँठी कुरो त जीवन-जगतलाई फेर्नु पो हो।' मार्क्सवादको यो साहसिक र न्यायप्रेमी उद्घोषको चुम्बकीय तत्त्वले मलाई आफूतिर खिच्यो। पुँजीको दासताबाट श्रमको मुक्ति। अल्पसंख्यक शोषक वर्गको प्रभुत्वबाट बहुसंख्यक श्रमजीवी जनताको मुक्ति । अतृप्त लोभ र आपसी द्वेषबाट आम मानवको मुक्ति। यो मुक्ति-शृंखलाको गुञ्जनले मेरो युवा मस्तिष्क झङ्क्रित भयो । अनि मेरो कल्पनामा भावी जीवन र समाजको एउटा त्यस्तो चित्र कोरियो, जहाँ मानिस घोडा र कुकुरको भय र तिनका स्वामीहरूको उत्पीडनबाट मुक्त हुनेछ। बस्, मार्क्सवादको ध्वजा बोकेर हिँडे म जीवनको सार्थकता र महत्ताको खोजी गर्ने सुन्दर यात्रामा।

त्रिभुवन विश्वविद्यालयमा अंग्रेजी साहित्य पढ्दै के थिएँ नक्सली नेता चारु मजुरदारको आह्वान सुनें। हुङ्कारमय आह्वानले भन्यो–'बुर्ज्वा शिक्षा बहिष्कार गरी क्रान्तितिर कुद।' मजुमदार महोदयको आह्वानमा प्रेरणाको प्रकाश र जीवनको न्यानो थियो। त्यसमा गाउँ र सहरका घोडा र कुकुरको आतङ्कबाट त्राण खोज्ने सम्मोहक सपना थियो । मजुमदारीय आह्वानलाई सकार्दै मास्टरी भेषमा लुसुक्क लागेँ म गाउँतिर। गाउँतिर लाग्दा मेरो रुकस्याक ब्यागमा फेरफार गर्ने गतिला लुगा पनि थिएनन् । माओत्सेतुङका सूत्रवचन सँगालिएका रेड बुक थुप्रै थिए। मेरो वैचारिक र साहित्यिक व्यक्तित्वको निर्माण प्रक्रियाको रङ्गीन र रोमाञ्चक एवम् उल्लासमय र स्मरणीय घटना थियो त्यो।

मेरो लेखन कोरा लहडबाजी, निरर्थक बसिबियाँलो वा फगत आत्म-सन्तोषको खेलो होइन। कला जीवनका लागि हो । जीवनलाई बुझ्ने र जीवनलाई फेर्न प्रेरित गर्ने सर्वाधिक प्रभावशाली र सशक्त साधन हो यो। कला जीवनको ज्ञानबर्द्धक र जागरणकारी तथा रोमाञ्चक र आनन्ददायी माध्यम हो । कलाको यो उदात्त भूमिका आदर्शको आरोपण, पाण्डित्य प्रदर्शन वा उपदेशबाजीद्वारा निर्वाह हुँदैन । कलाको प्रभाव कुतूहल, रोमाञ्चकता र आनन्दबाट सुरु हुन्छ । यसले पाठकको सौन्दर्यबोधी चेतलाई तीव्र र सघन तुल्याउँछ । उसको यथार्थबोधी चेतलाई विस्तार गर्छ। उसलाई जीवनको अर्थ र उद्देश्य प्रदान गर्छ। र, साहस र बलिदानी भावनासाथ परिवर्तनकामी संघर्षमा डट्न उसलाई हौस्याउँछ।

निकट र अन्तरङ्ग यथार्थको जीवन्त अनुभूतिबाट मेरो सिर्जन प्रक्रिया शुरु हुन्छ। अन्तर्दृष्टि र परिकल्पनाद्धारा त्यो विस्तारित हुन्छ। सिर्जनामा मैले यदाकखा स्वैरकल्पनाको प्रयोग पनि गरेको छु । यो यथार्थको ठोस धरातलबाट पलायित स्वैरकल्पना किमार्थ होइन।

कलामा नयाँ रूप र शैलीको प्रयोग निरन्तर नवीनताको खोजी हो । बदलिँदो सामाजिक अभिरुचि र मनोविज्ञानलाई दृष्टिगत गरी नूतन प्रयोगको चेष्टा गर्नु गतिशील कलाको अनिवार्य धर्म हो। कलालाई जडता र रूढिबाट बचाउने रचनात्मक काइदा हो यो। तर प्रयोगको नाउँमा जीवन-यथार्थलाई उपेक्षा गर्नु, सामाजिकतालाई तिलाञ्जली दिनु र तिलस्ममा रम्नु केवल टपर्टुइँयापन हो। त्यो पाठकसँग गरिने छल हो।

बाल्य, किशोर र युवा बयका अमिट स्मृति मेरो आख्यान लेखनका आधारहरू हुन् । ती स्मृतिले जीवनको चित्रणलाई सजीवता र प्रामाणिकता प्रदान गर्छन् । समकालका पात्रहरूलाई विम्बित गर्दा वा सामाजिक इतिहासको उत्खनन गर्दा म बराबर ती स्मृतिको सहारा लिन्छु ।

म गाउँको उपज हुँ। मेरो मानस र मनोविज्ञानको जग ग्रामीण जनजीवनको यथार्थले निर्माण गरेको हो। भौतिक रूपले सहरमा बसे पनि गाउँले मलाई पछ्याइरहन्छ । गाउँको विपन्न र पददलित जनजीवनका कथा र व्यथा, अभिलाषा र आकांक्षा, जागृति र संघर्ष मेरो लेखनका मुहान हुन्।

म सहरमा आधुनिक सुविधासम्पन्न जीवनयापन गरिरहेको छु। मेरो घरमा सेक्सपियर र बाल्ज्याक, गोर्की र लु सुन आदि इत्यादिका कृति छन्। मेरो घरमा टेलिभिजन, कम्प्युटर र रेफ्रिजेरेटर पनि छन्। म आफ्ना ग्रामीण स्मृति र वर्तमानको वास्तविकता माझ पीडादायी अन्तर्विरोध अनुभूत गर्छु। कटु सत्य के हो भने असंख्य मानिसका अवसरलाई अपहरण गरी मैले यी यावत् सुविधा भोग गर्न पाएको हुँ। त्यसैले मेरो लेखनमा प्रतिविम्बित गरिब, दलित, बालक र महिलाहरूप्रतिको सहानुभूति र समभाव मेरो पश्चातापको अभिव्यक्ति र प्रायश्चितको स्वीकारोक्ति हो। त्यसो त यो मेरो विवेकले रोजेको दायित्व र कर्तव्य पनि हो।

म मूलतः जसका लागि लेख्छु दुर्भाग्यवश उनीहरूसम्म मेरा रचना पुग्दैनन्। मेरा धेरैजसो पाठक निरक्षर छन्। जो साक्षर छन्, तीमध्ये धेरैको पुस्तक किन्ने औकात छैन । जसले पेट काटेर किन्छन्, तिनले पढ्ने फुर्सद र वातावरण पाउँदैनन्। अथवा पुस्तक पढ्ने कला तिनलाई थाहा छैन। गरिब र दलित, महिला र मधेसी, मुस्लिम र जनजातिप्रति लक्षित मेरा रचना प्रायः मैजस्ता उच्च जातका, अपेक्षाकृत सम्पन्न वर्गका पुरुष पाठकहरूले मात्र पढ्न पाउँछन्। लेखक यथार्थदेखि टाढा छ, पाठक पुस्तकदेखि टाढा छ। त्यसैले पुस्तक साँगुरो दुश्चक्रको फेरोमा घुमिरहेको छ । विराट जनजागरणकारी एवम् मुक्तिकामी राजनीतिक आन्दोलनले मात्र यो दुश्चक्रलाई तोड्न सक्छ।

राजनीतिले आम मानिससम्म पुग्ने पुलको काम गरी कलालाई जनस्तरमा फिजाउँछ । कलाले राजनीतिलाई करुणा र मानवीयता सिकाउँछ।

जीवन्त कला सदैव प्रतिपक्षीय चेतनाको द्योतक हो । आफ्नो आदर्शविरोधी राज्यअन्तर्गत मात्र होइन, आफ्नो आदर्श अनुरूपको राज्यअन्तर्गत पनि सच्चा कलाकार सदैव प्रतिपक्षी चेतनाको संवाहक हुन्छ। प्रतिपक्षता सत्ता र समाजको आलोचना र विरोध मात्र होइन, बरु त्यो त जागरणकारी कर्म हो, सचेतनकारी खबरदारी हो, धक्काकारी हस्तक्षेप हो । कलाकार जब प्रतिपक्षको चेतनाबाट च्युत हुन्छ, ऊ राज्यसत्ता वा पार्टीसत्ताको ताबेदारमा पतीत हुन्छ।

(**अतीतबाट साभार ।**)

# ३.४४ अङ्कले घट्यो नेप्से



काठमाडौँ । साताको पहिलो कारोबारको दिन आइतबार नेप्से परिसूचकमा गिरावट आएको छ। नेप्से परिसूचक ३.४४ अङ्क घटेर २६२०.३९ विन्दुमा पुगेर कारोबार बन्द भएको हो । त्यस्तै, सेन्सेटिभ इन्डेक्स ०.५१ अङ्कले र फ्लोट इन्डेक्स ०.०७ अङ्कले घटेको छ भने सेन्सेटिभ फ्लोट इन्डेक्स भने ०.०६ अङ्कले बढेको छ।

कारोबारमा आएका ३२२ कम्पनीको २ करोड १९ लाख ५ हजार कित्ता शेयर ९ अर्ब २४ करोड ५५ लाख ८३ हजार रुपैयाँ बराबरको खरिदबिक्री भएको छ। अघिल्लो कारोबारको तुलनामा आइतबार कारोबार रकम पनि घटेको छ । बुधबार ९ अर्ब ३७ करोडको शेयर खरिदबिक्री भएको थियो ।

आइतबार १३ उपसमूहमध्ये ५ उपसमूहको परिसूचक बढेको छ भने ८ उपसमूहको परिसूचक घटेको छ । जसमा बैंकिङ्ग, विकास बैङ्क, होटल तथा पर्यटन, उत्पादन तथा प्रशोधन र निर्जीवन बीमा उपसमूहको परिसूचक सामान्य बढेको छ।

नेप्से परिसूचक सामान्य अङ्कले घटेपनि ३ स्टकको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। जसमा नेपाल माइक्रो इन्स्योरेन्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स र ओम मेगाश्री फर्मास्यूटिकल्सको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो ।

तर यता कारोबारमा आएको विन नेपाल लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य १० प्रतिशत घटेको छ। कारोबार रकमका आधारमा सानिमा माई हाइड्रोपावर कम्पनीको ६० करोड ४८ लाख रुपैयाँभन्दा बढीको शेयर खरिदबिक्री भएको छ।

# उच्च रक्तचापका कारण, असर र नियन्त्रणका उपाय

अतित अधिकारी

साधारण शारीरिक क्रियाकलाप र तनावरहित अवस्थामा पनि शरीरका विभिन्न प्रणालीमा रक्तसञ्चार गर्ने धमनीहरुमा १४० एमएमएचजी सिस्टोलिक र ९० एमएमएचजी डायस्टोलिकभन्दा बढी रक्तचाप हुनुलाई उच्छ रक्तचाप भनिन्छ। मुटु तथा रक्तसन्चार प्रणालीजन्य रोगहरु विश्वका मुख्य प्राणघातक कारक हुन्। उच्च रक्तचाप नसर्ने किसिमको रोग भएता पनि केही देशहरुमा करिब आधा जनसंख्या यस रोगबाट ग्रसित छन्। उच्च रक्तचापबाट विश्वभरीमा वार्षिक करिब ७५ लाख मानिसहरुले ज्यान गुमाउने गर्दछन्।

**कारणहरु**

आधारभूत उच्च रक्तचापका मुख्य कारकतत्वहरु वंशाणु, वातावरणीय प्रभाव, जात, उमेर, लिङ्ग, खानपान र जीवनशैली आदि हुन् । यस किसिमको उच्च रक्तचापमा कारकतत्वहरुले प्रत्यक्ष रक्तसञ्चार प्रणालीमा असर गर्छ भने अप्रधान वा द्वितीय उच्च रक्तचाप शरीरका अन्य अङ्ग तथा प्रणालीहरु, जस्तैः मिर्गौला, उत्सर्जन प्रणाली तथा इन्डोक्राइन ग्रन्थीका रोगहरु, रक्तनलीको संरचनागत खराबी, तनाब तथा मनोवैज्ञानिक असर, मादकपदार्थ सेवन, मोटोपना तथा गर्भावस्थाको कारणले हुने गर्दछ।

**कसरी लाग्दछ ?**

ग्रन्थीहरुले आवश्यक मात्रामा हर्मोन निस्कासन गरेर शरिरका विभिन्न अङ्गहरुको गतिविधि नियमित राख्छन् । रक्तसन्चार प्रणाली नियमित हुनको लागि मुटु र रक्तनली चुस्त र त्रुटिरहित हुन आवश्यक हुन्छ साथै रक्तसन्चार प्रणालीका सहायक अङ्गहरु पनि सन्तुलित अवस्थामा हुनु पर्दछ । मिर्गौला, कलेजो, फोक्सो, फियो, बोनम्यारो र लिम्फ्याटिक अङ्गहरु रक्तसन्चार प्रणालीका केही सहायक अङ्गहरु हुन् । सहायक अङ्गहरुले रगतमा अक्सिजन भर्ने, रगत बनाउने तथा नस्ट गर्ने, रक्तनलीलाइ चुस्त राख्ने, रगत छान्ने लगायत कार्य गर्छन् ।

यदि मुटुले आफ्नो क्षमताभन्दा बढी रगत पम्प गरेमा वा धमनीहरुमा कोलेस्टेरोल जम्मा भएर रक्तसन्चारमा अवरोध बढेमा उच्च रक्तचाप हुन्छ।

साधारण अवस्थामा मिर्गौलाले रगतको आयतनलाई सन्तुलित राख्दछ। मिर्गौलामा विभिन्न किसिमका खराबि भए भने रेनिन, एन्जियोटेन्सिन, अल्डोस्टेरोन जस्ता हर्मोनहरुको मात्रा बढ्न गइ शरिरमा बढी भएको पानी र सोडियमलाई रक्तसञ्चार प्रणालीमै फर्काइ दिन्छ। निष्कासन हुनुपर्ने पानी र लवण रक्तसञ्चार प्रणालीमा फर्किनाले मुटुले आफ्नो क्षमता भन्दा बढी रगत पम्प गर्नुपर्दछ। साथै यी हर्मोनहरुले रक्तनलीको गोलाइ साघुरो बनाउँछन्। त्यसैकारण रक्तचापमा वृद्धि हुन्छ।

**उच्च रक्तचापका असरहरु**

उच्च रक्तचापले मुटु, रक्तनली, मिर्गौला, मस्तिष्क र स्नायु तथा आँखामा गम्भीर प्रकृतिका समस्या पैदा गर्छ । रक्तनलीहरु कमजोर भएपछि रगतमा भएका पदार्थ रक्तनलीको भित्तामा सजिलै छिर्न सक्छन्। रक्तनलीको भित्री भागमा संयोजी तन्तु, प्रोटिन, बोसो र मांसपेसीको तह थपिएर साँघुरो बन्छ। रक्तनली कडा हुन्छ र विभिन्न किसिमको असर पैदा हुन्छ। मुटुले यसको क्षमताभन्दा बढी रक्तसञ्चार गर्नुपर्ने भएकाले भेन्ट्रिकलको भित्ता ठूलो बन्छ। मुटुको मांसपेसीमा भएका फाइबरहरु नस्ट भएर हृदयघातसम्म हुने गर्दछ।

रक्तचापलाई नियन्त्रण गर्ने प्रमुख सहायक अङ्ग मिर्गौला हो। उच्च रक्तचापले मृगौलाको क्षमतामा ह्रास हुन्छ। मिर्गौलाको सानो हुन्छ । मिर्गौलाको भित्री भागमा संयोजी तन्तु र फाइबरहरु जम्मा भएर बस्छन् । मिर्गौलाको क्षमता कमजोर भएर पिसाबमा प्रोटिनको मात्रा बढ्छ। मस्तिस्कमा रक्तस्राव, मस्तिस्कघात गराउँछ भने आखामा पनि विभिन्न किसिमका असरहरु गराउँछ।

**कसरी नियन्त्रण गर्ने ?**

उच्च रक्तचाप जो कोहीलाई हुन सक्दछ। त्यसैले नियमित रुपमा रगतको बायोकेमिकल जाँच गर्नुपर्छ । तनावरहित वातावरणमा बस्नुपर्छ । धुम्रपान र मधपान त्याग्नुपर्छ । जङ्क फुड, कोलेस्टोरेलयुक्त खानेकुरा र चिल्लो, बोसोयुक्त खानेकुरा सकेसम्म कम खानुपर्छ। साथै नियमित व्यायाम, सन्तुलित भोजन र योग, साधना तथा ध्यानले पनि रक्तचापलाइ नियन्त्रण गराउँछ। स्वास्थ्य खबरबाट



**मकै गोड्दै किसानः**
बागलुङ जिल्लाको जैमिनी नगरपालिका-२ तल्लो दमेक वडा कार्यालय नजिकैको बारीमा एकोहोरो मकै गोड्दै स्थानीय महिला किसान। अहिले किसानलाई मकै गोड्ने चटारो छ। तस्विरः खेमराज गौतम/रासस

# बलेवा–मालढुङ्गा सडक स्तरोन्नति गरिँदै

ढोरपाटन । एकवर्ष अगाडि सम्पन्न हुनुपर्ने राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोरको बलेवा-मालढुङ्गा खण्डको कामले अहिले गति लिएको छ। गत मङ्सिरमा सक्नुपर्ने उक्त खण्डको काम बजेट अभावका कारण रोकेको थियो।

स्तरोन्नतिसहित कालोपत्रका लागि रु ५४ करोड लागतमा निर्माण थालिएको उक्त खण्डको हालसम्म ५० प्रतिशत काम सकिएको छ। अहिले सडक फराकिलो बनाउने, नाली निर्माणलगायत काम अन्तिम चरणमा पुगेको बलेवा-मालढुङ्गा खण्डका इञ्जिनीयर उत्वस बस्यालले जानकारी दिए।

उनका अनुसार विसं २०७९ मङ्सिर २६ गते सम्झौता गरेर खड्का/कृष्ण/बिएन जेभीले जिम्मा लिएको थियो । गत मङ्सिरं २९ गते सकिनुपर्ने काम लामो समय रोकिएपछि एक वर्षका लागि म्याद थप गरिएको इञ्जिनीयर बस्यालले बताए।

निर्माण कम्पनीले आगामी मङ्सिर २४ सक्ने गरी निर्माणलाई तीव्रता दिएको उनको भनाइ छ।

इञ्जिनीयर बस्यालले भने-“निर्माण कम्पनीले अहिले धमाधम काम गरेको छ, बलेवाबाट मालढुङ्गा खण्डको धेरै ठाउँमा कामदार लगाएर कालोपत्र गर्नेगरी तयारी भइरहेको छ, बर्खा अगाडि चार कलिोमिटर कालोपत्र सक्ने गरी काम भइरहेको छ।

निर्माण कम्पनीले यही गतिमा काम गर्‍यो भने र बर्खामा ठूलो समस्या भएन भने मङ्सिरमा काम सकिन्छ।”

कोरिडोरको बागलुङ खण्डमा ३४ किलोमिटर सडक पर्दछ। त्यसमध्ये हालसम्म १० किमी सडक मात्रै कालोपत्र गरिएको बस्यालले जानकारी दिए। उनका अनुसार गुल्मी र बागलुङको सिमाना पालुङखोलाबाट बलेवासम्म पहिलो र बलेवाबाट मालढुङ्गासम्म दोस्रो गरी दुई खण्डमा ठेक्का लगाएर काम भइरहेको छ।

ट्र्याक खुलेको लामो समयपछि सडक कालोपत्र हुन थालेपछि यात्रुलाई सहज हुने भएको छ।

सवारी चालक यमन थापाले साँघुरो र अप्ठ्यारो सडकका कारण जोखिम मोलेर वर्षौंदेखि यात्रा गर्दै आएको भन्दै अहिले सडक फराकिलो बन्दै गएपछि सहज भएको बताए । अहिले बलेवाबाट मालढुङ्गासम्म सडक फराकिलो र सजिलो भएको उनको भनाइ छ।

“यो सडक खुलेको धेरै वर्षपछि अहिले स्तरोन्नतिपछि यात्रा सजिलो भएको छ, पहिले गाडीको पट्टा भाँचिने, हिलोमा अड्किने र यात्रु बिचबाटोमा अलपत्र पर्ने स्थिति थियो । अहिले धेरै राम्रो भएको छ”, थापाले भने-“यो सडक कालोपत्र भयो भने बुटवल जान पोखरा पुग्नुपर्ने बाध्यता अन्त्य हुन्छ । यहाँबाट छोटो समयमा भैरहवा, बुटवल र सुनौली पुग्न सकिन्छ।”

नवलपुरको गैँडाकोटबाट कोराला नाकासम्म चार सय ९५ किमी रहेको कोरिडोर बागलुङको मालढुङ्गा क्षेत्रमा दुई सय ४० किमी पर्दछ । यसले मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वतसहितका जिल्लाबाट बुटवल, भैरवाह र भारतसम्म पुग्ने यात्रा छोट्याइदिएको स्थानीय बताउँछन्।

# गैरआवासीय नेपालीलाई नागरिकता दिनुपर्ने

काठमाडौँ । संविधानसभाबाट जारी भएको संविधानमा उल्लेख भएअनुसार गैर आवासी नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकता दिनुपर्ने माग गरिएको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को एकता महाधिवेशनका अवसरमा आइतबार आयोजित नागरिकतासम्बन्धी समूह छलफलका वक्ताले संविधान एवं कानुनमा भएको गैरआवासीय नेपालीको नागरिकतासम्बन्धी व्यवस्था अझैं कार्यान्वयन हुन नसकेकाले समस्या भइरहेको बताए।

एनआरएनएका पूर्वअध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली नागरिकताले भ्रमण गर्न बाहेक अरु अधिकार प्राप्त हुन नसकेको बताए। भारतलगायत दक्षिण एशियाली देशले दोहोरो नागरिकताको अधिकारी दिइरहेको उनले सुनाए।

अमेरिकामा अधिवक्ताका रुपमा काम गरिरहेका एनआरएनए खगेन्द्र जिसीले गैरआवासीय नेपालीको नागरिकता नभएकैले नेपालमा लगानीको वातावरण नसकेको जिकिर गरे। एनआरएनए नेता एसी शेर्पाले विश्वका ८४ देशमा बस्ने गैरआवासीय नेपालीको समस्याका रुपमा रहेको नागरिकताको विषयलाई समाधान गर्न माग गरे। वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले विश्वका ७२ देशमा दोहोरो नागरिकताको व्यवस्था रहेको उल्लेख गरे। नागरिकता ऐन, २०६३ को दफा १० खारेज गरे नेपालमा लगानी वातावरण थप हुने वरिष्ठ अधिवक्ता न्यौपानेको दाबी थियो।

एनआरएनए बेलायतका अध्यक्ष प्रेमगाहा मगरले नेपालबाट बाहिर गएर काम गर्ने धेरै नेपालीले अङ्गीकृत र जन्मसिद्ध नागरिकता पाएर दोस्रो दर्जाको नागरिक भएर बसेको उल्लेख गरे। ती देशमा अप्ठ्यारो अवस्था आए अङ्गीकृत र जन्मसिद्ध नागरिकता खारेज हुने भएकाले वंशजका आधारमा नेपालमा पाउने नागरिकताको अधिकारबाट बञ्चित गरिनु नहुने उनको तर्क थियो।

अधिवक्ता कपिल ढकालले एनआरएनए ऐन बनाइ संविधानमा आर्थिक, सांस्कृतिक र सामाजिक अधिकारसहितको नागरिकता दिने व्यवस्था गरे पनि कार्यान्वयन नभएको बताए। क्याप्टेन हितमान गुरुङले एनआरएनएले देशका लागि केही गर्न आउँदा पनि सरकार संवेदशील हुनुपर्नेमा जोड दिए।

बेलायतमा कार्यरत अधिवक्ता सुरेन्द्र श्रेष्ठले नागरिकता ऐन, २०२० को पृष्ठ १९ मा विदेशी नागरिकता लिएपछि नेपाली नागरिकता लोप हुने व्यवस्था रहेको र त्यसपछिका नागरिकता ऐनले पनि यसलाई कायमै राख्दै आएको बताए।

एनआरएनएका पूर्वअध्यक्ष रवीना थापाले नेपालमा आन्दोलन गरे मात्र केही हुन्छ, भन्ने सन्देश प्रवाह भइरहेको उल्लेख गर्नुहँदै कानुनसम्मत मागको सुनुवाइ हुनुपर्ने बताइन्। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले गैरआवासीय नेपाली ऐन र संविधानमा भएको व्यवस्था पनि कार्यान्वयन हुनुपर्नेमा जोड दिए।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव पुष्कर नेपालले नयाँ कानुन मस्यौदा भइरहेकाले त्यसमा उठेका विषयलाई समावेश समावेश गर्न यथासक्य प्रयास गरिने बताए। डा.बलराम श्रेष्ठले विदेशमा ज्ञान, सीप, पुँजी भएकालाई नागरिकता लिन आउँ भनी स्वागत गर्ने बताए । एनआरएनए नेता योगेन्द्रबहादुर क्षत्रीले संविधान र कानुनअनुसार नै गैरआवासीय नेपालीले नागरिकता पाउनुपर्ने जनाए।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।१२।१५ गते बर्दघाटदेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** रुपा महतो
**ठेगाना :** बर्दघाट-१४, नवलपरासी
**बिमालेख नं. :** १५००३८२२९
**सम्पर्क :** ९८११५०१७६१

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।१२।१५ गते बर्दघाटदेखि त्रिवेणी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** अनन्त पोखरेल
**ठेगाना :** बर्दघाट-१५, नवलपरासी
**बिमालेख नं. :** २५५७०२९४२
**सम्पर्क :** ९८४७१२६३६०

## Madhyabindu Municipality
### Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)
Gandaki Province, Nepal

## Invitation for Sealed Quotation

First Date of publication: 2025-5-5

1. Madhyabindu Municipality has own resources has allocated funds towards the cost of Procurementof Sanitary Pad and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT) | Cost of Sealed Quotation Document Nrs. | Sealed Quotation security Amount Nrs. | Validity for Sealed Quotation documents / Sealed Quotation security | Last Date and Time of Sealed Quotation Submission | Sealed Quotation Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 08/SQ/ MB/GOODS /2081/82 | Procurement of Sanitary Pad | SQ-GOODS | 2004652.80 | 1000/- | 50,000.00 | 45 days/ 75 days after bid opening | 2025-05-20 12.00 | 2024-05-20 14.00 |

Chief Administrative Officer

## शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची।
लुम्बिनी प्रदेश, नेपाल

### नदीजन्य पदार्थ बिक्रीका लागि विद्युतीय दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित भएको मिति २०८२/१/२२)

यस शिगतगंगा नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका तपशिल बमोजिमको नदीजन्य पदार्थ शितगंगा नगर कार्यपालिकाको निर्णय बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ। दरभाउपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५५ का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा ७५ दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताले सहिछाप गरी मिति २०८२।२।६ गतेका दिन १२:०० बजे भित्र दरभाउपत्र पेश गरी सक्नु पर्नेछ। पेश हुन आएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/Website- shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसील–:

| सि.नं. | ठेक्का नं. आ.व. २०८१/०८२ | स्थान/क्षेत्र | परिमाण (घ.मि.) | न्युनतम ठेक्का अङ्क रु.(मु.अ. कर बाहेक) | फारम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 44-SM/ R06/SQ/ 2081/082 | खयरभट्टी खोलाको किनारा दुर्गा बहादुर काउछाको जग्गामा पुर्वतर्फ रहेको नदीजन्य पदार्थ | ३४०९ | ९,७०,०००।– | १०००।– | |

प्रमुख प्रशासकीय अधिकृत

## उद्यम सम्बर्द्धन कार्यक्रममा सहभागिताको लागि आबेदन पेश गर्ने सम्बन्धी सूचना

उद्यम सम्बर्द्धन केन्द्र बुटवलले नवीनतम सोंचमा आधारित उद्यम र व्यवसाय सिर्जना तथा विस्तार गर्न सहयोग पुर्‍याउने उद्देश्यले संचालन हुने उद्यम सम्बर्द्धन कार्यक्रममा सहभागी हुन इच्छुक नवउद्यमीले सूचना प्रकाशित मितिले १० दिन भित्र आवेदन दिनुहुन अनुरोध गरिन्छ।

थप जानकारीको लागि
बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही
सम्पर्क फोन नं.: ०७१-५३०१४६
इमेल : butwalcci@gmail.com
Website : bcci.org.np

सहयोगी संस्था :
बुटवल उपमहानगरपालिका

Scan for Application form

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी



**ढकमक्क फूलेको गुलमोहरः**
दाङको घोराही उप-महानगरपालिका-१५, जिल्ला समन्वय समिति परिसरमा ढकमक्क फूलेको गुलमोहर । तस्विरः रञ्जिता अधिकारी/रासस

# बुटवल-गोरूसिंगे खण्डमा १० वटा पुल निर्माणको काम तिव्र



बुटवल । बुटवल-गोरुसिंगे सडक खण्ड विस्तारका क्रममा पुल निर्माणको काम धमाधम भइरहेको छ । यस खण्डमा तीन महिनामा ६ प्रतिशत भौतिक निर्माणको काम सकिएको छ । बुटवल-गोरुसिंगे सडक विस्तार आयोजना कार्यालयका अनुसार यस खण्डमा निर्माण गर्नुपर्ने ३० वटा पक्की पुलमध्ये अहिलेसम्म रूपन्देहीका ६ र कपिलवस्तुका ४ स्थानका पुल निर्माणको काम धमाधम भइरहेको छ । रिटेनिङ वाल र कल्भर्ट निर्माणको काम पनि तीव्र भइरहेको छ । १ सय ४९ कल्भर्ट र ६ वटा अन्डर पास-ओभर पास निर्माण हुनेछन् । यो सडक शहरी क्षेत्रमा ५०, सहरोन्मुख क्षेत्रमा ३७ र जंगल क्षेत्रमा २४ मिटर चौडाइको बन्नेछ ।

पहिलो चरणमा रूपन्देहीमा ३० किलोमिटर र कपिलवस्तुमा २० किलोमिटर सडक विस्तार भइरहेको छ । दोस्रो चरणमा गोरुसिंगेदेखि चन्द्रौटासम्मको १९ किलोमिटर खण्डमा काम हुनेछ ।

आयोजना प्रमुख इञ्जिनियर कुलशता न्यौपानेका अनुसार तीन महिनामा सडक किनारका ७ हजार १ सय बढी रुख कटान, विद्युत्को पोल स्थानान्तरणको काम सकिएर अहिले सडक विस्तारका लागि पुल, कल्भर्ट निर्माण र वालको काम धमाधम भइरहेको छ ।

सडक किनारमा फुटपाथ र सवारी साधनका लागि सडक छुट्याउनका लागि राखिने कर्भ स्टोर पनि ३५ हजार निर्माण भइसकेको र १० किलोमिटर यार्ड 'ड्रेन' निर्माण सकिएको उनले बताइन् ।

चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवाले सडक विमास्तारका लागि १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेका छन् । गत असारमा भएको ठेक्का सम्झौतामा कात्तिक ४ गतेबाट सम्झौता लागु हुने उल्लेख छ । तर, रुख काट्ने र विद्युत लाइन विस्तारको झन्झटले निर्माण कम्पनीले माघ दोस्रो साताबाट काम सुरु गरेको थियो ।

एसियाली विकास बैंकको ऋण सहयोगमा २७ करोड ५० लाख अमेरिकी डलर (झन्डै ३५ अर्ब) लागतमा बुटवलदेखि चन्द्रौटासम्म ६९ किलोमिटर सडक अब ४ लेन विस्तार हुनेछ । पहिलो चरणमा बुटवलदेखि गोरुसिंगेसम्म सडक निर्माण गर्न १३ अर्ब ५५ करोड ९५ लाख रुपैयाँमा सम्झौता भएको छ ।

# चन्दा सङ्कलन गरेर किरियाघर निर्माण



गलकोट । बागलुङ बजारस्थित उपल्लाचौरका स्थानीयले चन्दा सङ्कलन गरी किरियाघर निर्माण गरेका छन् । दुःखद क्षण र काजकिरिया गर्न समस्या भएपछि बागलुङ नगरपालका-४ उपल्लाचौरका स्थानीयले सामुदायिक किरियाघर निर्माण गरेका हुन् ।

करिब रु २३ लाखको लागतमा निर्माण गरिएको भवनमा बास बस्न तीन वटा कोठा, तीन वटा शौचालय र तीन ठाउँमा पूजा गर्न, पिण्ड चढाउन मिल्ने सत्तल निर्माण गरिएको छ । यो भवन निर्माणका लागि नागरिकस्तरबाट स्वतःस्फुर्त रूपमा चन्दा सङ्कलन गरिएको हो ।

सामुदायिक भवनबाट काजकिरिया गर्न सबैका लागि सहज बनाउने उद्देश्यले चन्दा सङ्कलनमार्फत् किरियाघर निर्माण गरिएको समितिका अध्यक्ष हरिबहादुर जिसीले बताए । उनका अनुसार मृत्युपश्चात् गरिने काजकिरियामा सहयोग पुऱ्याउने उद्देश्यले किरियापुत्री बसेर सहज रूपमा आवश्यक कर्म गर्न सकुन् भनेर भवन निर्माण गरिएको हो ।

"उपल्लाचौरमा घर भएका, भाडामा बस्ने र विपन्न गरिब नागरिकलाई काजकिरिया कर्म गर्न सहज होस् भन्ने उद्देश्यले सुविधा सम्पन्न किरिया भवन निर्माण गरिएको हो", अध्यक्ष जिसीले भने- "बागलुङ-४ वडा कार्यालयको रु एक लाख ३६ हजार र अन्य रु २१ लाख ६४ हजार चन्दा सङ्कलनमार्फत् भवन निर्माण भएको छ । साथै दुई सय ८७ जनाले रु पाँच हजारका दरले सहयोग गर्नुभएको छ । केहीले रु एक हजार, दुई हजार पनि सहयोग गर्नुभएको छ ।"

स्थानीय सामुदायिक वनको जग्गामा भवन निर्माण गरिएको छ । विसं २०७७ मा निर्माण सुरु गरिएको भवन कोरोना महामारीका कारण रोकिएर अहिले सम्पन्न भएको हो । आर्थिक सामाजिक हिसाबले कमजोर भएका कोही पनि काजकिरिया गर्नबाट वञ्चित हुन नपरोस् भनेर भवन निर्माण गरिएको समितिका सचिव रामकाजी भण्डारी बताए । उनका अनुसार उपल्लाचौरमा शहरीकरण बढ्दै गएपछि वडारचौरमा रहेका सत्तलमा किरिया गर्न नदिएपछि सामुदायिक भवन निर्माण गरिएको हो ।

उपल्लाचौरमा ग्राणीम क्षेत्र धम्जा, भीमापोखरालगायतका क्षेत्रबाट आएर बसोबास गर्नेको संख्या धेरै छ । गाउँको जग्गा जमिन बिक्री गरेर आएकाहरूको गाउँ जाने ठाउँ पनि नभएपछि यो भवन प्रभावकारी विकल्प बन्ने विश्वास लिइएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

# 'गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकार प्रतिबद्ध छ'



नेपालगञ्ज । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । उनले सिकलसेल र थालेसिमियाका बिरामीलाई सङ्क्रमक रोगबाट जोगाउन भारत सरकारबाट प्राप्त खोप आज नेपालगञ्जस्थित भेरी अस्पताललाई हस्तान्तरण गर्दै पछिल्लो समयमा नेपालका सबैजसो सरकारी अस्पतालको स्वास्थ्य सेवामा उल्लेखनीय सुधार भइरहेको जनाए ।

मन्त्री पौडेलले भन्ने-"अस्पताललाई अझैं बढी सुधार गरेर लैजानुपर्ने आवश्यक्ता छ ।" भेरी अस्पतालबाट मुटु, मिर्गौला प्रत्यारोपण र जलनको उपचारका लागि स्थायी दरबन्दी स्वीकृत गरेर व्यवस्थित गराउन खोजिएको जानकारी दिँदै उनले भेरी विशिष्टकृत अस्पतालका रूपमा विकास हुन थालेकामा खुसी व्यक्त गरे । सरकारी अस्पतालका बारेमा विभिन्न प्रकारका नकारात्मक टिप्पणी सुनिने गरिएको बताउँदै मन्त्री पौडेलले त्यस्ता टिप्पणीरहित सेवा प्रदान गर्न सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीलाई निर्देशन दिए । उनले सरकारले अस्पतालका भौतिक पूर्वाधार र जनशक्ति बढाउने विषयलाई विशेष प्राथमिकतामा राखेको उल्लेख गर्दै सीमित बजेट र साधनस्रोतका कारण चाहेर पनि धेरै काम गर्न सक्ने अवस्था नरहेको जनाए ।

उनले स्वास्थ्य बिमालाई व्यवस्थित गरेर सबैलाई निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य उपचार प्रदान गर्नेतर्फ सरकार गम्भीर भएकामा जोड दिँदै त्यसमा सरोकार भएका र स्वास्थ्यसम्बन्धी निकायको पनि सहयोग आवश्यक पर्ने आवश्यकता औँल्याए ।

मन्त्री पौडेलले भेरी अस्पतालमा सिकलसेलको छुट्टै उपचार कक्ष सञ्चालन गरिएपछि सहज भएको बताउँदै सो रोगबाट जोगाउन समुदायमा जनचेतना फैलाउन आवश्यक रहेको धारणा व्यक्त गरे ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले मन्त्रालयले आफ्नो क्षमताअनुसार अस्पतालका माग र आवश्यकता पूरा गर्ने हरसम्भव प्रयास गरिरहेको बताए । अस्पतालका मेडिकल सुपरिटेण्टेण्ट डा. निराजन सुवेदीले पछिल्लो चार महिनामा अस्पतालमा भएका सुधार र उपलब्धिका बारेमा जानकारी दिए ।

भेरी अस्पताल विकास समितिका अध्यक्ष वीरेन्द्रबहादुर शाहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अस्पतालका वरिष्ठ नर्सिङ प्रशासक आशा पण्डित र अस्पताल विकास समितिका सदस्य डा डक्टप्रसाद धितालले पनि अस्पतालको अवस्थाबारे आ-आफ्नो धारणा राखेका थिए ।

मन्त्री पौडेल र स्वास्थ्य मन्त्रालयका सचिव डा देवकोटोले भारतबाट प्राप्त भएको खोपलाई संयुक्त रूपमा भेरी अस्पतालका प्रमुख डा. निराजन सुवेदी र सिकलसेल एनिमिया सोसाइटी नेपालका महासचिव राजमोहन चौधरीलाई हस्तान्तरण गरेका थिए ।

मन्त्री पौडेलले भेरी अस्पतालमा सञ्चालनमा ल्याइएको जलन उपचार कक्ष र 'सर्जिकलविङ्ग'को पनि उद्घाटन गरे । साथै उनले अस्पतालका विभिन्न विभाग र कक्षमा पुगेर निरीक्षण गर्नुका साथै बिरामीलाई भेटेर उपचारको अवस्थाबारे जानकारी लिएका थिए ।

भेरी अस्पतालको नयाँ भवनमा सञ्चालनमा आएको ६ शैयाको जलन उपचार कक्ष र १४ शैयाको सर्जिकलविङ्गबाट यस क्षेत्रका अग्निपीडित बिरामीको उपचारमा सघाउ पुग्ने अस्पताल विकास समितिले विश्वास लिएको छ ।

# एउटै शिविरमा ६ सय जनाको मुटुको परीक्षण

चितवन । सहिद गङ्गालाल हृदयरोग केन्द्रका विशेषज्ञ चिकित्सकसहितको टोलीले भरतपुर महानगरपालिका-६ गीतानगरमा मुटुको स्वास्थ्य परीक्षण गरेको छ । जिपी कोइराला अध्ययन केन्द्रको आयोजनामा भएको निःशुल्क शिविरमा ६५० जनाको परीक्षण गरिएको ।

केन्द्रका अध्यक्ष रामप्रसाद अधिकारीका अनुसार सहिद गङ्गालाल हृदयरोग केन्द्रका निर्देशक डा. रवि मल्ल नेतृत्वको १८ जना विशेषज्ञ चिकित्सक एवं स्वास्थ्यकर्मीको टोलीले 'इको', 'इसिजी' परीक्षण गर्नुका साथै उच्च रक्तचाप, मधुमेहलगायत मुटुसँग सम्बन्धित रोगबाट प्रभावित व्यक्ति लाभान्वित भएका छन् ।

परीक्षणका क्रममा जन्मजात मुटुमा प्वाल रहेको पाइएका तीन जनाको गङ्गालाल हृदयरोग केन्द्रमा निःशुल्क रुपमा उपचार गरिदिने केन्द्रका अध्यक्ष अधिकारीले जानकारी बताए ।

केन्द्रका निर्देशक एवं वरिष्ठ मुटुरोग विशेषज्ञ मल्लले न्यून शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नेक्रममा गङ्गालाल हृदयरोग केन्द्रले जिल्लाजिल्लामा सञ्चालित मुटुरोग शिविरमार्फत् निःशुल्क सेवा प्रदान गर्दै आएको जानकारी दिए । भरतपुर महानगरपालिका वडा नं. ६ ले शिविर सञ्चालनमा सहकार्य गरेको थियो ।

केन्द्रका अध्यक्ष अधिकारीले स्थानीय सर्वसाधरण लाभान्वित हुन सकून् भन्ने उद्देश्यका साथ मुटुरोग उपचारका क्षेत्रमा देशभर स्थापित गङ्गालाल हृदयरोग केन्द्रका विशेषज्ञसहितको टोलीलाई अनुरोध गरेको स्पष्ट पारे ।

कपिलवस्तु अस्पतालका उपलब्ध सेवाहरू
१. ओपीडी सेवा
२. अन्तरंग सेवा
३. निःशुल्क सुरक्षित मातृत्व सेवा



४. प्राथमिक दन्त उपचार सेवा
५. आँखा उपचार सेवा
६. फिजियो थेरापी सेवा
७. भेन्टिलेटर सेवा
८. आइसियु सेवा
९. लैगिंक हिंसामा आधारित एकद्वार संकट व्यवस्थापन सेवा
१०. सामाजिक सेवा इकाई लगायत सम्पूर्ण सेवाहरु ।
अनुरोधक
कपिलवस्तु अस्पताल
तौलिहवा, कपिलवस्तु

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com